सहिदभूमि गाउँपालिकाको दोस्रो गाउँसभाको नवौं अधिवेशनको दोस्रो बैठकमा

२०८३ साल आषाढ ०८ गते सोमबार

कार्यपालिका सदस्य श्री रमेश कुमार राईद्वारा

प्रस्तुत

# आर्थिक वर्ष २०८३/८४ को

# बजेट वक्तव्य

सहिदभूमि गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पिप्ले, धनकुटा, कोशी प्रदेश, नेपाल

**आदरणीय सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरु,**

सहिदभूमि गाउँपालिकाको दोस्रो गाउँसभाको नवौं अधिवेशनको दोस्रो बैठकमा आर्थिक वर्ष २०८३/८४ को आय-व्यय विवरण प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गर्दछु।

यस अबसरमा लोकतन्त्र, नागरिक अधिकार र सामाजिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न नेपालको संविधान, सोह्रौं पञ्चवर्षीय योजना, कोशी प्रदेशको दोस्रो आवधिक योजना, दिगो विकास लक्ष्य तथा स्थानीय सरकार सञ्चालन ऐनलाई आधार बनाई बजेट तर्जुमा गरिएको छ। सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक समानता, वातावरण संरक्षण र पूर्वाधार विकासलाई विशेष प्राथमिकतामा राखिएको छ।

सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणमा आएको कमीका बिच पनि उपलब्ध स्रोत-साधनलाई जनअपेक्षा र गाउँपालिकाका प्राथमिकताका क्षेत्रमा केन्द्रित गर्दै बजेट विनियोजन गरिएको छ। बजेट निर्माण प्रक्रियामा सुझाव, सल्लाह र सहयोग प्रदान गर्नु हुने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु।

**सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरु,**

१. अब म चालु आ.व. २०८२/८३ मा यस गाउँपालिकाबाट सञ्चालन भएका योजना तथा कार्यक्रमको आय-व्यय संक्षेपमा प्रस्तुत गर्दछु ।

२. चालु आ.व. २०८२/८३ मा यस गाउँपालिकाको आन्तरिक आय रु. ६३ लाख, नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरणतर्फ रु. ८ करोड २५ लाख, ससर्त अनुदानतर्फ रु. २२ करोड ४३ लाख, विशेष अनुदान रु २

करोड ३० लाख, समपूरक अनुदान रु ८४ लाख, राजश्व बाडफाँड तर्फ रु. ८ करोड ७१ लाख २१ हजार ६ सय १३ रुपैयाँ तथा प्रदेश सरकार मार्फत समानीकरण अनुदान रु. ७५ लाख छ हजार, ससर्त अनुदानतर्फ चालु र पुँजीगत गरी रु २९ लाख २६ हजार, समपूरक अनुदान रु १ करोड चालिस लाख गरी कुल ४८ करोड ७० लाख ५२ हजार ६ सय १३ रुपैयाँ प्राप्त हुने आय प्रक्षेपण गरिएको थियो ।

३. चालु आ.व. २०८२/८३ को आषाढ पहिलो हप्तासम्म आन्तरिक आय ४७ लाख रुपैयाँ, नेपाल सरकारबाट समानीकरण अनुदानतर्फ ७ करोड ५४ लाख ४६ हजार २ सय ५० रुपैयाँ, ससर्त अनुदान चालुतर्फ २० करोड ६६ लाख ४० हजार रुपैयाँ, ससर्त अनुदान पुँजीगततर्फ १ करोड ७६ लाख रुपैयाँ, विशेष अनुदान १ करोड ८ लाख ३९ हजार ३ सय ९९ रुपैयाँ, समपूरक अनुदान १६ लाख रुपैयाँ, प्रदेश सरकारबाट समानिकरण अनुदान ७५ लाख ०५ हजार रुपैयाँ, ससर्त अनुदान चालुतर्फ १५ लाख ११ हजार रुपैयाँ, ससर्त अनुदान पुँजीगततर्फ ३१ लाख ८५ हजार रुपैयाँ, समपूरक अनुदान ६४ लाख ६४ हजार रुपैयाँ र राजश्व बाँडफाँटबाट १ करोड २१ लाख १८ हजार ५ सय ३५ रुपैयाँ र गत आ.व.को मौज्दात ३ करोड ४० लाख रुपैयाँ गरी जम्मा ४६ करोड ९४ लाख २ हजार ९ सय ३६ रुपैयाँ रकम यथार्थ आम्दानी रहेको छ ।

४. चालु आ.व. २०८२/८३ को आषाढ पहिलो हप्तासम्म चालु खर्चतर्फ २५ करोड १४ लाख २६ हजार ८४ रुपैयाँ तथा पुँजीगत खर्चतर्फ ४ करोड ८० लाख ८ हजार ९ सय १२ रुपैयाँ गरी जम्मा २९ करोड ९४ लाख ३४ हजार ९ सय ९६ रुपैयाँ खर्च भएको छ ।

५. यस गाउँपालिकाको चालु आ.व. २०८२/८३ को आषाढ पहिलो हप्तासम्म चालु खर्च तर्फ ७३.७३ प्रतिशत र पुँजीगत खर्चतर्फ ३१.९९ प्रतिशत खर्च

भएको छ । चालु तथा पुँजीगत दुवै खर्चतर्फ गरी औषतमा ६०.९७ प्रतिशत खर्च भएको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरु,**

६. अब म आगामी आ.व. २०८३/८४ को बजेटको सोच, लक्ष्य, प्राथमिकताका क्षेत्रहरु र उद्देश्य प्रस्तुत गर्दछु ।

(क) सोच

**"सहिदभूमिको समृद्धि : शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि"** भन्ने दीर्घकालीन सोचका साथ सुशासन, समावेशी विकास तथा स्थानीय सरकारप्रति नागरिकको पहुँच, विश्वास र अपनत्व अभिवृद्धि गर्ने।

(ख) लक्ष्य

गुणस्तरीय भौतिक पूर्वाधार विकास, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, शैक्षिक गुणस्तर सुदृढीकरण, पर्यटन प्रवर्धन, सामाजिक न्याय र समानतामा आधारित समृद्ध, आत्मनिर्भर तथा दिगो **सहिदभूमि गाउँपालिका** निर्माण गर्ने।

७. सीमित स्रोत-साधनका कारण योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा चरणबद्ध रूपमा कार्यान्वयन गर्नु आजको आवश्यकता बनेको छ, प्राथमिकता प्राप्त क्षेत्रहरूको पहिचान गरी सोही अनुरूप योजना तथा कार्यक्रम छनोट तथा बजेट विनियोजन गरिएको छ। योजना तथा कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका प्राथमिकताहरू निर्धारण गरिएको छ।

**प्राथमिकताहरु**

१. आर्थिक विकास तथा रोजगारी प्रवर्धन,
२. कृषि, पशुपालन तथा खाद्य सुरक्षा,
३. शिक्षा सुधार तथा गुणस्तरीय शिक्षाको पहुँच विस्तार,
४. स्वास्थ्य सेवा, पोषण तथा सरसफाइ,
५. सडक, पुल, भवन तथा अन्य पूर्वाधार विकास,
६. खानेपानी, सिँचाइ तथा जलस्रोत व्यवस्थापन,

७. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता संरक्षण,
८. युवा, खेलकुद तथा सीप विकास,
९. सामाजिक समावेशीकरण तथा गरिबी न्यूनीकरण,
१०. वन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन,
११. विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन व्यवस्थापन,
१२. स्थानीय कला, संस्कृति, भाषा तथा पर्यटन प्रवर्धन,
१३. सुशासन, पारदर्शिता, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण,
१४. राजस्व परिचालन, कर प्रशासन तथा वित्तीय व्यवस्थापन,
१५. योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन तथा डिजिटल सेवा प्रवाह ।

८. अब म आगामी आर्थिक वर्षको बजेटले लिएका मुल उद्देश्यहरु प्रस्तुत गर्दछु। आगामी आर्थिक वर्षको बजेटले निम्नानुसारको उद्देश्यहरु लिएको छ।

(क) कृषि, पशुपालन, सहकारी, पर्यटन, पूर्वाधार तथा स्थानीय उद्यम विकासमार्फत उत्पादन, रोजगारी र आय वृद्धि गरी समृद्ध सहिदभूमि निर्माण गर्ने।

(ख) गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, स्वच्छ खानेपानी तथा सम्मानित रोजगारीमा नागरिकको पहुँच सुनिश्चित गरी जीवनस्तर उकास्ने।

(ग) विद्यालय तथा स्वास्थ्य संस्थाको भौतिक र प्राविधिक सुदृढीकरण गर्दै सूचना प्रविधिमैत्री, गुणस्तरीय र प्रभावकारी सेवा प्रणाली विकास गर्ने।

(घ) गाउँपालिकाका पर्यटकीय, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण, विकास र प्रवर्धन गरी सहिदभूमि गाउँपालिकालाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने।

(ङ) सबै वडा तथा बस्तीलाई वर्षभरि सञ्चालनयोग्य सडक सञ्जालसँग जोड्दै आवश्यक भौतिक पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने।

(च) सामाजिक समावेशीकरण, समान अबसर तथा भाषा, कला, संस्कृति र पहिचानको संरक्षणमार्फत समतामूलक, बालमैत्री, वातावरणमैत्री र पूर्ण सरसफाइयुक्त समाज निर्माण गर्ने।

(छ) खेलकुद, संस्थागत सुदृढीकरण, सुशासन तथा प्रभावकारी सेवा प्रवाहको प्रवर्धन गर्दै सक्षम, उत्तरदायी र नागरिकमैत्री स्थानीय शासन प्रणाली विकास गर्ने।

९. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन पश्चात निम्न **अपेक्षित उपलब्धीहरु** हासिल हुने अपेक्षा गरेको छु ।

(क) भौतिक पूर्वाधार तथा यातायात सुविधाको बिस्तारमार्फत नागरिकको जीवनस्तर सहज, सुरक्षित र गुणस्तरीय बन्नेछ।

(ख) कृषि, पर्यटन तथा स्थानीय उद्यमको विकासबाट रोजगारी सिर्जना भइ आर्थिक समृद्धि हासिल हुनेछ।

(ग) गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवा तथा स्वच्छ खानेपानीमा सबै नागरिकको पहुँच सुनिश्चित हुनेछ।

(घ) बालमैत्री, पूर्ण सरसफाइयुक्त र स्वस्थ गाउँको निर्माण गरिनेछ।

(ङ) विकासका लाभहरूको समन्यायिक वितरणमार्फत सामाजिक न्याय, समावेशिता तथा गरिबी न्यूनीकरणमा टेवा पुग्नेछ।

(च) प्राकृतिक, सांस्कृतिक तथा धार्मिक सम्पदाको संरक्षण र प्रवर्धन गर्दै गाउँलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ।

(छ) संस्थागत सुदृढीकरण, सुशासन तथा खेलकुद क्षेत्रको विकासमार्फत प्रभावकारी सेवा प्रवाह र युवाहरूको सक्रिय सहभागिता अभिवृद्धि हुनेछ।

**आदरणीय सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरु,**

अब म आगामी आ.व. २०८३/८४ को बजेटमा क्षेत्रगत/शाखागत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**कृषि विकासतर्फ,**

१०. प्राङ्गारिक र जैतुन खेती विस्तार कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु।

११. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्न प्रमुख उत्पादन सामाग्री, रोग नियन्त्रक विषादी, बिउ बिजन एवम् यन्त्र उपकरण वितरणका लागि बजेट विनियोजन गरेको छु ।

१२. गाउँपालिकास्तरीय निःशुल्क माटो परीक्षण गर्न, विषादीको प्रभाव मूल्याङ्कन तथा घुम्ती बाली उपचार कार्यक्रमका लागि रकम विनियोजन गरेको छु ।

१३. ५० प्रतिशत मूल्य छुट अनुदानमा डिजेल/पेट्रोल इन्जिन मिनिटिलर वितरण कार्यक्रमका लागि **५ लाख बजेट** विनियोजन गरेको छु ।

१४. कृषि क्षेत्रको समग्र विकासको **लागि रु. ३०** लाख विनियोजन गरेको छु ।

**पशुपन्छी विकासतर्फ,**

१५. व्यवसायिक पशु फर्म प्रवर्धन कार्यक्रम, गोठ/खोर निर्माण तथा सुधार कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरेको छु ।

१६. **"गोठ गोठमा पशु सेवा, किसानको घरदैलोमा टेवा" 'हेल्लो पशु सेवा '** घर दैलो पशु उपचार सेवा कार्यक्रम सञ्चालनका लागि रु १ लाख रुपैयाँ विनियोजन गरेको छु ।

१७. रैथाने प्रजाती संरक्षण, पशुपालक कृषकहरुको क्षमता विकास कार्यक्रम तथा व्यवसायिक कृषक प्रोत्साहन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१८. भेडा/बाख्रा पकेट विकास कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु ।

१९. पशुहरुमा लाग्ने पशुरोग, विभिन्न महामारी, घातक रोग नियन्त्रण, रेबिज रोग नियन्त्रण कार्यक्रम तथा औषधी वितरण कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२०. व्यवसायिक पशुपालन कार्यक्रम प्रवर्धन तथा विस्तार, पशुपन्छीहरुमा पौष्टिक आहार सेवा कार्यक्रम तथा घाँस विकास कार्यक्रम र पशुहरुको नश्ल सुधार कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२१. मत्स्य उत्पादकत्व वृद्धि गर्नको लागि निःशुल्क माछाका भुरा वितरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२२. पशुपन्छीको विकासको लागि समग्रमा **रु. ३० लाख** बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्यतर्फ,**

२३. "**सुरक्षित मातृत्वः सुनिश्चित जीवन**" भन्ने गाउँपालिकाको आकाङ्क्षाका साथ **"उपाध्यक्षसँग गर्भवती र सुत्केरी पोषण तथा प्रोत्साहन कार्यक्रम"** लाई निरन्तरता दिने प्रबन्ध गरेको छु ।

२४. गाउँपालिकाका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने स्वास्थ्य सेवा विस्तार तथा परीक्षण प्रणालीको विस्तार र सुधारको लागि आवश्यक व्यवस्था गरिनेछ ।

२५. स्वास्थ्य संस्थाहरुमा ल्याब सेवा सञ्चालन तथा व्यवस्थापन गर्न, औजार तथा उपकरणहरु खरिद गर्न तथा बर्थिङ सेन्टरबाट प्रभावकारी सेवा प्रवाह गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२६. धाप स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर स्थापना गर्न र आवश्यक सामग्री व्यवस्थापनका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु ।

२७. जेष्ठ नागरिक, पूर्ण अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिँदै सुरक्षित मातृत्व तथा परिवार योजना सेवासहित एकीकृत घुम्ती स्वास्थ्य शिविर सञ्चालनका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु।

२८. गुणस्तरीय आँखा स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्न आँखा उपचार केन्द्र निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

२९. नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने औषधीका अतिरिक्त गाउँपालिकाबाट निःशुल्क वितरण हुँदै आएका आवश्यक औषधीहरूको निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३०. आयुर्वेद स्वास्थ्य सेवा प्रवर्धन तथा विस्तारका लागि रु ४ लाख बजेटको व्यवस्था गरेको छु ।

३१. "म स्वस्थ मेरो समुदाय स्वस्थ" घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु ।

३२. समग्रमा स्वास्थ्य क्षेत्रको विकासको लागि रु. ५० लाख रकम विनियोजन गरेको छु।

**शिक्षातर्फ,**

३३. पञ्चकृष्ण मावि खेलमैदान र ठाकुरदेवी मावि परिसरमा सरस्वती मन्दिर निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३४. अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु ।

३५. स्थानीय पाठ्यपुस्तक लेखन/छपाइका लागि रु. ८ लाख रकम विनियोजन गरेको छु ।

३६. बालविकास, विद्यालय कर्मचारी तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुका लागि स्थानीय तहबाट थप हुने गरी रु. १ करोड १ लाख रकम विनियोजन गरेको छु ।

३७. शिक्षकहरुको पेशागत क्षमता विकास तालिम तथा कार्यशालाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३८. विद्यालयको आन्तरिक व्यवस्थापन र शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न प्रभावकारी अनुगमन नियमनको आवश्यक व्यवस्था मिलाइनेछ ।

३९. ह्युमन प्राक्टिस फाउण्डेसनसँगको सहकार्यमा विद्यालय पूर्वाधार निर्माणका लागि रु. ७० लाख बजेट विनियोजन गरेको छु।

४०. विद्यालयमा भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४१. "**स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद**" भन्ने नाराका साथ पालिकास्तरीय तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको पूर्वतयारी सञ्चालन/व्यवस्थापनका लागि रु. ८ लाख रकम विनियोजन गरेको छु ।

४२. पढ्दै कमाउदै कार्यक्रम र सेवा निवृत्त शिक्षक प्रोत्साहन कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

४३. समग्रमा शिक्षा विकास कार्यक्रमतर्फ रु. २ करोड ४० लाख बजेट विनियोजन गरेको छु ।

**राष्ट्रिय रोजगार प्रवर्धन, सामी कार्यक्रम र सहकारीतर्फः**

४४. राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित गर्नका लागि गाउँपालिकाको साझेदारीतर्फ रु १२ लाख विनियोजन गरेको छु ।

४५. सहकारी संस्थाहरुको व्यवस्थापन, अभिमुखीकरण, अन्तर्क्रिया तथा छलफलको लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु ।

४६. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन तथा यसको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाको तर्फबाट रु. ५ लाख बजेट विनियोजन गरेको छु।

४७. बालश्रममुक्त स्थानीय तह घोषणाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**युवा तथा खेलुकदतर्फ :**

४८. पाताल खेलमैदान निर्माण आयोजनाको लागि रु. १० लाख बजेट व्यवस्था गरेको छु ।

४९. भरिबण्डे फुटसल खेलमैदान निर्माणका लागि रु. १५ लाख बजेट व्यवस्था गरेको छु ।

५०. **"सक्षम खेलाडी प्रतिस्पर्धी खेलकुद"** भन्ने सहिदभूमिको नारा तथा **"राष्ट्रका लागि खेलकुद, स्वास्थ्यको लागि खेलकुद"** भन्ने राष्ट्रिय नीतिलाई स्थापित गर्न खेलकुद पूर्वाधार तथा खेलकुद प्रवर्धन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५१. खेलकुद पूर्वाधार तथा प्रवर्धन कार्यक्रमका लागि रु. ४० लाख रकम विनियोजन गरेको छु ।

**उद्यम विकासतर्फ**

५२. च्याउ खेती कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

५३. उद्यमशिलता विकासका लागि प्राविधिक सीप विकास गर्न, प्रविधि हस्तान्तरण गर्न, वित्तीय सेवामा पहुँच विस्तार गर्न तथा उत्पादित वस्तु तथा सेवाको बजारीकरण गर्नका लागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।

५४. गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम तर्फ आवश्यक बजेट व्यवस्था गरेको छु ।

**न्यायिक समितितर्फ :**

५५. **"विवादको साटो मेलमिलापको बाटो"** भन्ने नाराका साथ टोल स्तरीय साक्षरता तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

५६. न्यायमा नागरिकको पहुँच, कानुनी सचेतना र साक्षरता कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**पर्यटनतर्फ :**

५७. शिव पञ्चायन मन्दिर परिसर पार्क निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

५८. पर्यटन पूर्वाधार विकास र प्रवर्धन गर्न ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको दिगो संरक्षण, प्रवर्धन र व्यवस्थापन गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५९. गाउँपालिकामा रहेका प्रमुख पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार एवम् प्रवर्धनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

६०. पर्यटन पूर्वाधार एवम् प्रवर्धनका लागि रु. ३० लाख रकम विनियोजन गरेको छु ।

**पूर्वाधारतर्फ :**

६१. **गाउँसभा सदस्य पूर्वाधार कार्यक्रम** अन्तर्गत एक गाउँसभा सदस्य एक लाखको कार्यक्रम सञ्चालन गर्नको लागि रु. ३७ लाख रकम विनियोजन गरेको छु । यस कार्यकम अन्तर्गत भौतिक पूर्वाधार सम्बन्धी आयोजना सम्बन्धित गाउँसभा सदस्यले छनोट गरेपछि कार्यान्वयन हुने व्यवस्था गरेको छु ।

६२. भवन तथा सहरी विकासका लागि रु. १ करोड २० लाख रकम विनियोजन गरेको छु ।

६३. सडक पूर्वाधारका लागि रु. ६५ लाख बजेटको व्यवस्था गरेको छु ।

६४. ल्याण्डफिल साईट निर्माणको लागि रु. १ करोड बजेट व्यवस्था गरेको छु

६५. सङ्घीय सरकारको समपूरक अनुदान अन्तर्गत कार्यान्वयन हुने साकेवा-सिरुवानी-तितरे सडक आयोजनाका लागि गाउँपालिकाको साझेदारी रकम सहित रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

६६. प्रदेश सरकारको समपूरक अनुदान अन्तर्गत कार्यान्वयन हुने साम्बुगाउँ अरुणगुठी सडक आयोजनाको लागि गाउँपालिकाको साझेदारी सहित रु. १ करोड र चाम्चा वाचकर्णे चिम्राहा ग्रामिण सडक आयोजनाको लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

६७. धाप सामुदायिक भवन सम्पन्न गर्नका लागि रु. १५ लाख रकम विनियोजन गरेको छु ।

६८. चाम्चा सामुदायिक भवन निर्माण सम्पन्न गर्नका लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।

६९. थलथले बहुउद्देश्यीय सामुदायिक भवन, साम्बुगाउँ सामुदायिक भवन, राज बहादुर राई भवन, साततले कभर्डहल मर्मत तथा रङ्गरोगन, सहिद रणध्वज पुमा राई स्मृति भवन, पाताल शिवालय मन्दिर, पवित्र चर्च भवन निर्माणका आवश्यक बजेट व्यवस्था गरेको छु ।

७०. वेशी सत्सङ्ग भवन निर्माण, हेमाङचाला बहुउद्देश्यीय सामुदायिक भवन, माम्फिङ्ग सामुदायिक भवन, मितेरी युवा क्लब भवन, सिद्धदेवी मावि मर्मत सम्भार तथा फर्निचर खरिद,जनसेवी प्रावि र मुनामदन प्रावि भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७१. कन्यादेवी तोमराङ्ग सडक स्तरोन्तीका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु ।

७२. विपन्न तथा सिमान्तकृत समुदायको लागि नमुना आवास निर्माण कार्यका गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

७३. गाउँपालिका भित्रका बजार क्षेत्रको सडकमा सोलार बत्ती जडान तथा मर्मतका लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।

**खानेपानी र सिँचाइतर्फः**

७४. छोक्राङ्ग खानेपानी योजनाको लागि रु. ४ लाख विनियोजन गरेको छु ।

७५. सिमलवोटे खानेपानी योजनाको लागि रु. ४ लाख विनियोजन गरेको छु ।

७६. पञ्चपोखरी पाताल खानेपानी योजनाको लागि रु. ४ लाख रकम विनियोजन गरेको छु ।

७७. आगामी आर्थिक वर्षमा खानेपानी तथा सरसफाइतर्फ रु. २५ लाख विनियोजन गरेको छु ।

७८. संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा सम्पन्न भएका सिँचाइ योजनाहरुको मर्मत तथा सम्भारको लागि आवश्यक रु. १० लाख बजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरु,**

अब म आर्थिक तथा सामाजिक रुपले पछि परेका महिला, बालबालिका, दलित, अपाङ्ग, जेष्ठ नागरिक, युवा, आदिवासी जनजाति लगायतका लक्षित समुदायतर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

७९. बालमैत्री वडा घोषणाको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

८०. महिला सशक्तीकरण, लैङ्गिक समानता, स्वास्थ्य, पोषण, सीप विकास तथा महिला, बालबालिका र ज्येष्ठ नागरिकको संरक्षण एवम् कल्याणका कार्यक्रम सञ्चालन गर्न रु. ४० लाख बजेट विनियोजन गरेको छु।

८१. अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमका लागि रु. १० लाख र लैङ्गिक हिंसा निवारण कोषका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

८२. "**विपन्नसँग अध्यक्ष कार्यक्रम**" अन्तर्गत आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारतर्फका आयोजना तथा कार्यक्रमहरु आवश्यकता अनुसार स्थानीय कानुन बमोजिम छनौट गरी कार्यान्वयन गर्नको लागि रु. ४० लाख बजेट विनियोजन गरेको छु ।

८३. दलित समुदायका लागि सचेतना एवम् आयआर्जनमूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

८४. सहिदभूमि गाउँपालिकाभित्र रहेका आदिवासी तथा विभिन्न जातजातिहरूको मौलिक ज्ञान, सीप, कला, भाषा र सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्धन गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु।

**वन, वातावरण तथा जैविक विविधता संरक्षणतर्फ**

८५. वन, वातावरण तथा जैविक विविधता संरक्षणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८६. प्रदेश सरकार, प्रदेश सहयोग कार्यक्रम र अन्य स्थानीय तहको सह-लगानी स्थापना हुने आपतकालीन कार्यसञ्चालन केन्द्रका लागि रु. २० लाख रकम विनियोजन गरेको छु ।

८७. अन्य विपद्ले सिर्जना गर्न सक्ने जोखिम न्यूनीकरण गर्न तथा विपद व्यवस्थापन कोषका **लागि रु. १०** लाख रकम विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरु,**

## संस्थागत विकास सेवा प्रवाह र सुशासन

८८. जनप्रतिनिधि, कर्मचारी तथा न्यायिक समितिको क्षमता अभिवृद्धि, संस्थागत विकास, प्रभावकारी सेवा प्रवाह र सुशासन प्रवर्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८९. मानव संसाधन विकास, सूचना प्रविधिको प्रयोग तथा विस्तारमार्फत छिटो, पारदर्शी र गुणस्तरीय सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

९०. गाउँपालिकाको आवधिक योजना निर्माणका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

९१. पुँजीगत अनुसन्धान तथा विकास र घरधुरी अभिलेखिकरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९२. कर्मचारी क्षमता विकास, उत्कृष्ट अभ्यासको आदान-प्रदान तथा सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्धनका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

९३. कर्मचारीहरूको उत्प्रेरणा, मनोबल तथा कार्यसम्पादन क्षमतामा अभिवृद्धि गर्दै

सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, उत्तरदायी र परिणाममुखी बनाउन कर्मचारीहरूको तलब भत्ता तथा प्रोत्साहनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ मा यस गाउँपालिकालाई प्राप्त हुने स्रोत र सो को विनियोजन बारेमा संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

आगामी आर्थिक वर्ष २०८३/८४ मा आयतर्फ आन्तरिक आयबाट रु ५७ लाख रुपैयाँ, घरजग्गा रजिष्ट्रेसन दस्तुरबाट रु. ६ लाख, बाँडफाँटबाट प्राप्तहुने विज्ञापन करबाट रु. ५० हजार, बन रोयल्टीबाट रु. २ लाख ५० हजार, बाँडफाँटबाट प्राप्त हुने खानी तथा खनिज रोयल्टीबाट रु. १६ लाख, सङ्घीय सरकारको राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम **रु. ८ करोड ४१ लाख ३० हजार**, प्रदेश सरकारको राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम रु. ५९ लाख २२ हजार ६ सय तिस, सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकारणबाट **रु. ८ करोड ४० लाख, सङ्घीय सरकारको सशर्त अनुदान चालुतर्फ** रु. २१ करोड ६५ लाख, पुँजीगततर्फ ४८ लाख, सङ्घीय सरकारको समपूरक अनुदानबाट रु. ३५ लाख, विशेष अनुदानबाट रु १ करोड, प्रदेश सरकारको वित्तीय समानीकरणबाट रु. ७५ लाख २३ हजार, सशर्त अनुदानतर्फ २५ लाख ६० हजार, प्रदेश सरकारको सशर्त अनुदान पुँजीगततर्फ १ करोड २९ लाख ३२ हजार, समपूरक अनुदान तर्फ १ करोड ४० लाख र आ.व. २०८२/०८३ को अनुमानित नगद मौज्दात रु. २ करोड ५५ लाख २४ हजार ३ सय ७० गरी **कुल अनुमानित आय रु. ४७ करोड ९५ लाख ९२ हजार** हुने अनुमान गरेको छु ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को व्ययतर्फ निम्नानुसार हुने प्रक्षेपण गरेको छु ।

| व्ययको अनुमान | | | |
|---|---|---|---|
| क्र.सं. | शीर्षक | आ.व. २०८३/८४ को अनुमानित | अक्षरमा रु |
| १ | चालु तथा प्रशासनिक खर्च(वडा कार्यालय समेत) | ८६,५००,०००.०० | आठ करोड पैसाठ्ठी लाख रुपियाँ |
| २ | समपूरक कोष | ७,५००,०००.०० | पचहत्तर लाख रुपियाँ |
| ३ | आकस्मिक व्यवस्थापन कोष | ३००,०००.०० | तीन लाख रुपियाँ |
| ४ | **साझेदारी बजेट** | | |
| ४.१ | आपत्कालीन कार्यसञ्चालन केन्द्र साझेदारी | २,०००,०००.०० | बिस लाख रुपियाँ |
| ४.२ | अपाङ्गता पुनर्स्थापना साझेदारी | १,०००,०००.०० | दश लाख रुपियाँ |
| ४.३ | राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम साझेदारी | १,२००,०००.०० | बाह्र लाख रुपियाँ |
| ४.४ | अन्य भौतिक पूर्वाधार साझेदारी | १,०००,०००.०० | दश लाख रुपियाँ |
| ५ | बालश्रम मैत्री स्थानीय तह घोषणा कार्यक्रम | १००,०००.०० | एक लाख रुपियाँ |
| ६ | बालमैत्री स्थानीय तह घोषणा कार्यक्रम | १००,०००.०० | एक लाख रुपियाँ |
| ७ | मर्मत सम्भार कोष | १,०००,०००.०० | दश लाख रुपियाँ |
| ८ | कृषि विकास शाखा | ३,०००,०००.०० | तीस लाख रुपियाँ |
| ९ | पशु विकास शाखा | ३,०००,०००.०० | तीस लाख रुपियाँ |
| १० | सिंचाइ प्रणाली निर्माण तथा मर्मत सम्भार | १,०००,०००.०० | दश लाख रुपियाँ |
| ११ | घरेलु तथा साना उद्योग प्रवर्धन | ४००,०००.०० | चार लाख रुपियाँ |
| १२ | सहकारी शाखा | ४००,०००.०० | चार लाख रुपियाँ |
| १३ | सुरक्षित आप्रवासन(SAMI) कार्यक्रम | ५००,०००.०० | पाँच लाख रुपियाँ |

| | | | |
|---|---|---|---|
| १४ | भाषा, संस्कृति र ललितकला प्रवर्धन कार्यक्रम तथा पर्यटन पूर्वाधार एवम् प्रवर्धन कार्यक्रम | ३,०००,०००.०० | तीस लाख रुपियाँ |
| १५ | शिक्षा, युवा तथा खेलकुद शाखा | १७,०००,०००.०० | एक करोड सत्तरी लाख रुपियाँ |
| १६ | विद्यालय भवन निर्माणका लागि ह्युमन प्रक्टिस(HPF)सँग साझेदारी (शिक्षा शाखा) | ७,०००,०००.०० | सत्तरी लाख रुपियाँ |
| १७ | स्वास्थ्य शाखा | ५,०००,०००.०० | पचास लाख रुपियाँ |
| १८ | आयुर्वेद तथा आरोग्यता प्रवर्धन शाखा | ४००,०००.०० | चार लाख रुपियाँ |
| १९ | खानेपानी तथा सरसफाइ | २,५००,०००.०० | पच्चिस लाख रुपियाँ |
| २० | विपन्नसँग अध्यक्ष कार्यक्रम | ३,५००,०००.०० | पैंतिस लाख रुपियाँ |
| २१ | खेलकुद पूर्वाधार तथा प्रवर्धन कार्यक्रम | ४,०००,०००.०० | चालिस लाख रुपियाँ |
| २२ | महिला तथा वालवालिका शाखा ( महिला, वालवालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता कार्यक्रम, आदिवासी जनजाति, दलित लगायत लक्षित वर्ग) | ४,०००,०००.०० | चालिस लाख रुपियाँ |
| २३ | भूमि व्यवस्थापन कार्यक्रम | २००,०००.०० | दुइ लाख रुपियाँ |
| २४ | विपन्न सहायता कार्यक्रम | ५००,०००.०० | पाँच लाख रुपियाँ |
| २५ | भवन तथा सहरी विकास | १२,०००,०००.०० | एक करोड बिस लाख |
| २६ | सडक पूर्वाधार | ६,५००,०००.०० | पैंसठ्ठी लाख रुपियाँ |
| २७ | गाउँसभा सदस्य विकास कार्यक्रम | ३,७००,०००.०० | सैंतिस लाख रुपियाँ |
| २८ | अन्य सार्वजनिक निर्माण तथा मर्मत सम्भार | ५००,०००.०० | पाँच लाख रुपियाँ |
| २९ | वन, जैविक विविधता संरक्षण तथा जलाधार संरक्षण | ४००,०००.०० | चार लाख रुपियाँ |

| | | | |
|---|---|---|---|
| ३० | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ४००,०००.०० | चार लाख रुपियाँ |
| ३१ | विपद् व्यवस्थापन कोष | १,०००,०००.०० | दश लाख रुपियाँ |
| ३२ | पुँजीगत अनुसन्धान तथा परामर्श | १,०००,०००.०० | दश लाख रुपियाँ |
| ३३ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण | १००,०००.०० | एक लाख रुपियाँ |
| ३४ | जनप्रतिनिधि तथा कर्मचारी अध्ययन अबलोकन भ्रमण कार्यक्रम | १,०००,०००.०० | दश लाख रुपियाँ |
| ३५ | गाउँपालिका क्षेत्र भित्रका बजार क्षेत्रमा सडक सोलार जडान तथा मर्मत | १,०००,०००.०० | दश लाख रुपियाँ |
| ३६ | मध्यकालीन(MTEF) खर्च संरचना निर्माण | ३००,०००.०० | तीन लाख रुपियाँ |
| ३७ | सहिदभूमि गाउँपालिकाको आवधिक योजना निर्माण (Periodic Plan) | १,५००,०००.०० | पन्ध्र लाख रुपियाँ |
| ३८ | गाउँपालिकाको प्रोफाइल निर्माण | ३००,०००.०० | तीन लाख रुपियाँ |
| ३९ | गाउँपालिकाको लोगो तथा पालिका गान निर्माण | ५००,०००.०० | पाँच लाख रुपियाँ |
| ४० | बालमैत्री वडा घोषणा कार्यक्रम | ५००,०००.०० | पाँच लाख रुपियाँ |
| ४१ | सामाजिक सुरक्षा तथा पञ्जीकरण कार्यक्रम | १००,०००.०० | एक लाख रुपियाँ |
| ४२ | फर्निचर तथा फिक्चर्स खरिद | ५००,०००.०० | पाँच लाख रुपियाँ |
| ४३ | घरधुरी अभिलेखीकरण कार्यक्रम | ३००,०००.०० | तीन लाख रुपियाँ |
| ४४ | टोल विकास संस्था क्षमता विकास | १००,०००.०० | एक लाख रुपियाँ |
| ४५ | न्यायिक समिति | १,०००,०००.०० | दश लाख रुपियाँ |
| ४६ | वडा स्तरीय योजना | २०,०००,०००.०० | दुई करोड रुपियाँ |
| ४७ | गाउँपालिका स्तरीय योजना | ० | |
| ४८ | सहिदभूमि गाउँपालिका भित्र निर्माण भएका भवनहरु उद्घाटन कार्यक्रम खर्च(सम्मान पत्र, शिलालेख आदि) | १,०००,०००.०० | दश लाख रुपियाँ |

| | | | |
|---|---|---|---|
| ४९ | सहिदभूमि गाउँपालिका, धनकुटाको १० वर्ष शीर्षकमा विवरण सहितको फोटो पुस्तक निर्माण | ५००,०००.०० | पाँच लाख रुपियाँ |
| ५० | सहिदभूमि गाउँपालिकाको डायरी प्रकाशन | ३००,०००.०० | तीन लाख रुपियाँ |
| ५१ | सहिदभूमि गाउँपालिका धनकुटाको १०औं वार्षिक स्थापना दिवस (क. स्मारक निर्माण ख. शिलालेख स्थापना ग. अन्य विविध कार्यक्रम) | १,०००,०००.०० | दश लाख रुपैयाँ |
| ५२ | आव २०८२।८३ मा सम्पन्न हुन नसकी बाँकी रहेका योजनाहरुको भुक्तानी | ३,७००,०००.०० | सैंतिस लाख रुपियाँ |
| ५४ | सङ्घीय समपूरक अनुदान | ३,५००,०००.०० | पैंतिस लाख रुपियाँ |
| ५५ | सङ्घीय ससर्त अनुदान(चालु) | २१६,५००,०००.०० | एक्काइस करोड पैंसठ्ठी लाख रुपियाँ |
| ५६ | सङ्घीय ससर्त अनुदान(पुँजीगत) | ४,८००,०००.०० | अठचालिस लाख रुपियाँ |
| ५७ | सङ्घीय विशेष अनुदान पुँजीगत | १०,०००,०००.०० | एक करोड रुपियाँ |
| ५८ | प्रदेश ससर्त अनुदान(चालु) | २,५६०,०००.०० | पच्चिस लाख साठ्ठी हजार रुपियाँ |
| ५९ | प्रदेश ससर्त अनुदान(पुँजीगत) | १२,९३२,०००.०० | एक करोड उनन्तिस लाख बतिस हजार रुपियाँ |
| ६० | प्रदेश समपूरक अनुदान | १४,०००,०००.०० | एक करोड चालिस लाख रुपियाँ |
| ६१ | प्रदेश विशेष अनुदान | - | |

| | | | |
|---|---|---|---|
| | जम्मा | ४७९,५९२,०००.०० | सतचालिस करोड पञ्चानव्वे लाख बयानव्वे हजार रुपियाँ |

**आदरणीय सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरु,**

चालु आर्थिक वर्षको समीक्षा तथा आगामी वर्षको कार्यक्रम र बजेट प्रस्तुत भएसँगै यसको प्रभावकारी, पारदर्शी र जवाफदेही कार्यान्वयन हाम्रो साझा दायित्व बनेको छ। योजना तथा कार्यक्रमहरूको सफलताका लागि गाउँसभा सदस्य, कर्मचारी, उपभोक्ता समिति तथा सम्पूर्ण गाउँवासीहरूको सक्रिय सहभागिता र सहयोग अपरिहार्य छ।

"सहिदभूमिको समृद्धिः शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि" भन्ने हाम्रो दीर्घकालीन सोचलाई साकार पार्दै समृद्ध सहिदभूमि निर्माणको अभियानमा सबै राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, शिक्षक, पत्रकार तथा सम्पूर्ण गाउँवासीहरूमा सहकार्य र सहयोगका लागि हार्दिक अपिल गर्दछु।

**अन्त्यमा,**
दोस्रो गाउँसभाको नवौं अधिवेशनको दोस्रो बैठक सफलतापूर्वक सम्पन्न गर्न अमूल्य सहयोग, रचनात्मक सुझाव तथा सक्रिय सहभागिता जनाउनु हुने गाउँसभा सदस्यज्यूहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मीहरू तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। आगामी दिनहरूमा पनि गाउँपालिकाको समृद्धि, सुशासन र दिगो विकासका लागि यस्तै निरन्तर सहयोग, सहकार्य र सद्भाव प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद।** जय सहिदभूमि

इति सम्वत् २०८३ आषाढ ०८ गते
नेपाल सम्वत् ११४६ तछलाथ्व, अष्टमी ।